# आ.व. २०७९/८० को वार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन, २०८०

कार्यक्रम मितिः २०८०।०५।०६

कार्यक्रमको अध्यक्षः गाउँपालिका अध्यक्ष श्री विर्ख बहादुर विष्ट

प्रस्तुतकर्ताः प्रमुख प्रशासकीय अधिकृतःश्री दिपक बुढाथोकी

## सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

**पृष्ठभुमिः** सानीभेरी गाउँपालिका सिम्ली रुकुम पश्चिम, कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०७९/८० को समिक्षा र चालु आर्थिक बर्ष २०८०/८१ को लागि गाउँपालिका कार्यालय, विषयगत, शाखा र इकाई कार्यालय तथा फाँटहरु र वडा कार्यालयहरुले सुझाव पेश सहित समिक्षा गरियो । जसको लक्ष गत बर्षको कमजोरीवाट शिक्षा लिने र बर्तमानको चालु योजना कार्यान्वयनमा नीतिगत ब्यवस्था, कानूनी मान्यताको आधारमा कार्यपालिका लगायत मान्यता प्राप्त संस्थाको निर्णय गरी ठोस जिम्मेवरीका साथ संविधान, ऐन कानूनले गाउँपालिकालाई दिएको क्षेत्राधिकार भित्र रही सिमित स्रोत साधनलाई अधिकतम नतगरिकको प्रभावकारी सेवा, बिकास, समृद्धि र सुशासन कायम गर्न तिव्र इच्छा शक्ति भएको जनशक्ति र चुस्त-दुरुस्त संगठन संरचनाको सफलता उसको गतिशिलता र चलायमानताले निर्भर गर्दछ । संगठनको गतिशिलताको लागि समय समयमा यसका विविध पक्षहरु(सबल पक्ष, दुर्बल पक्ष, लक्ष्य, प्रगति, समस्या, चुनौति तथा आगामी योजना) बारे समय समयमा समीक्षा र छलफल हुनु आवश्यक छ। अर्को शव्दमा भन्दा कुनै पनि संगठनको सफलताको लागि SWOT(Strength, Weakness, Opportunity and Threat) Analysis गर्नु जरुरी हुन्छ।यसै कुरालाई मध्यनजर गर्दै सानीभेरी गाउँपालिका अन्तर्गत सम्पूर्ण शाखा, इकाई, फाँट, विषयगत शाखा प्रमुखहरु, वडा सचिवहरु, गाउँपालिकाको कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु र गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरु बिच आर्थिक वर्ष २०७९/८० को वार्षिक समिक्षा र आर्थिक वर्ष २०८०/८१ को कार्य योजना निर्माण सम्बन्धी कार्यक्रम मिति २०८० भाद्र ०६ गते सम्पन्न भयो । कार्यक्रममा गत आ.व. को समिक्षा र चालु आ.व. को बजेट कार्यान्वयनका लागि कार्य योजना निर्माण गरियो ।समिक्षा कार्यक्रममा उठेका विषयवस्तु र सुझावहरुलाई संक्षिप्तमा देहायबमोजिम क्षेत्रगत रुपमा प्रस्तुत गरिएको छ।

## प्रमुख प्रशासकीय अधिकृत

१. गाउँपालिकाको दिगो योजना बैंक र मध्यमकालिन खर्च संरचनालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
२. प्रभावकारी सेवाको लागि वडा कार्यालय र विषयगत कार्यालयहरुको आफ्नै भवन निर्माण नहुनु ।
३. कृषि तथा पशुजन्य उत्पादनलाई बजारीकरण र निर्यात गर्न समस्या हुनु।
४. विकासे योजना निर्माण गर्न उपभोक्ता समितिहरुलाइ सक्रिय गर्न र श्रमदान जुटाउन समस्या रही आएको।
५.

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

६. उपभोक्ता समिति बाट हुने विकास निर्माणको काममा जनसहभगिता जुट्न नसकेको ।

७. अनुभवको कमी, वडा कार्यालयको तदारुपता र उपभोक्ता समितिहरुको सक्रियताको करणले समयमा विकास निर्माणका कार्यहरु सम्पन्न हुन नसकेको ।

८. संघ र प्रदेश सरकार वाट स्थानीय तहलाई प्राप्त योजना र वजेटको आधिकारिक अख्तियारी समयमा नआउँदा काम गर्न ढिलाई र अन्यौल भएको ।

९. स्थानीय तहका अधिकार क्षेत्रहरु बुझ्न बुझाउन र दृढता पूर्वक कार्यान्वयन गर्न समस्या आएको ।

१०. पर्याप्त आर्थिक स्रोतको अभाव साथै आन्तरिक आयलाई वृद्धि गर्न नसक्नु ।

११. विवाह सम्वन्धि देवानी संहिता लागु गरी बाल विवाह न्युनिकरण गर्न चुनौती भएको ।

१२. विकासे योजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्नु ।

१३. खानेपानी एक घर एक धारा पुऱ्याउने नीति कार्यान्वयन गर्न बजेटको अभाव भएको ।

१४. सवै घरधुरीमा विद्युतीय पहुँच पुऱ्याउन केन्द्रीय लाइन भएता पनि काम पुरा नभएको, साना लघु जलविद्युत सवै काठको पोल वदल्नुपर्ने अवस्था आएको ।

१५. कृषि तथा पशुपन्छी विकास क्षेत्रमा योजनावद्ध लगानी, उत्पादन र वजार व्यवस्थापनमा परिणाममुखी काम नभएको ।

१६. शिक्षा सुधार र गुणस्तर कार्यक्रम प्रभावकारी र निरन्तरतामा चुनौती आएको ।

## आगामी आ.व. २०७८।०७९ मा ध्यान दिनु पर्ने कुरा

१. आन्तरिक आय स्रोत वृद्धि गर्ने ।

२. स्वरोजगारमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. शैक्षिक सुधार र गुणस्तर अभिवृद्धि गर्ने ।

४. स्वास्थ्यमा सबैको दिगो पहुँच र गुणस्तर सुनिश्चित गर्ने ।

५. कृषि र पशु तर्फका कार्यक्रमहरुलाई जनताको आवश्यकता पूर्ति, रोजगारी प्रवर्द्धन र निर्यातमुखी बनाउने ।

६. नीतिगत र कानुनी व्यवधानको अन्त्य गर्ने ।

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

७. सडकको विस्तार भन्दा पनि स्तरोन्नति गर्ने ।

**आर्थिक प्रशासान शाखा**

१. संघ तथा प्रदेशबाट बजेट खर्च अख्तियारी ढिलो प्राप्त हुनुका साथै फुकुवामा समेत ढिलाई भई आर्थिक वर्षको अन्त्य सम्म असार ३१ सम्म पनि फुकुवा आउने गरेको ।
२. दरबन्दी अनुसारको कर्मचारी पदपुर्ति नहुनु ।
३. आर्थिक वर्ष २०७४ देखी बेरुजु फर्छ्यौट गर्न बाँकी रु. ९,०१,९४,०००.०० रहेको ।
४. राजस्व प्रभावकारी अभिलेख व्यवस्थापन तथा तोकिएको समयमै दाखिला नहुनु ।
५. आम उपभोक्ता तथा सेवाग्राहीमा भुक्तानी प्रक्रिया सम्बन्धि चासो एवं ज्ञानको अभाव, जसको फलस्वरुप भुक्तानी प्रक्रियामा कठिनाई उत्पन्न भएको ।
६. सेवाग्राहीले भुक्तानी प्रक्रियालाई सामान्य/हल्का रुपमा बुझ्नु ।
७. कार्यक्रम संशोधन तथा रकमान्तरण प्रक्रियासम्मत बनाई सोको जानकारी समयमै सम्बन्धित शाखालाई हुनुपर्ने छ ।
८. सेवाग्राही वास्तविक सत्य तथ्य भन्दा पनि कल्पित गुनासो व्यक्त गर्नु । फाईल कार्यालयमा पेश नभएको तर काम नभएको गुनासो व्यक्त गर्नु । वास्तविक बुझ्दा व्यक्तिगत कामको सिलसिलामा हिडेको।
९. वास्तविक रुपमा प्रभावकारी अनुगमन तथा मुल्याङ्कन गर्न आवश्यक छ ।
१०. ११ वटा वडाहरुमा सामाजिक सुरक्षा भत्ता बैंक प्रणाली ईफटी मार्फत भुक्तानी गर्नुपर्ने ।
११. पेश्की लिएका रकमका बिल भरपाईहरु समयमा नै पेश हुन नसक्नु ।
१२. भुक्तानी समयमा माग नगर्ने आ.व.को अन्तिममा आएर कामको चापको समयमा प्रक्रिया विना नै भुक्तानी लिनमा अग्रसरता देखाउने प्रणालीको विकास, जसको फलस्वरुप बेरुजुको आकार बढ्दै गएको।
१३. कतिपय वडाबाट आउने भुक्तानी सिफारिस पत्र काम सम्पन्न नहुँदै भुक्तानीको लागि सिफारिस गर्नु ।
१४. गा.पा. भित्रका विभिन्न सरकारी तथा गैरसरकारी संस्थालाई पालिकाबाट प्रदान गरिने अनुदानको प्रभावकारीता नहुनु

विर्ख बहादुर बिष्ट
अध्यक्ष

## प्रशासन तथा जिन्सी शाखा

१. सानीभेरी गाउँपालिका कार्यालय, विषयगत कार्यालय र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको बसाइ व्यवस्थापनको लागि आवश्यक फर्निचर फिक्चर्स, मेशिनरी औजार तथा अन्य व्यवस्थापनका सामग्रीहरु उपलब्ध गर्नुपर्नेछ।

२. सानीभेरी गाउँ कार्यपालिकाको कार्यालय, विषयगत कार्यालय र वडा कार्यालयहरुको जिन्सि व्यवस्थापनको लागि सरोकारवाला कर्मचारीहरुलाई जिन्सी व्यवस्थापन सम्बन्धी तालिम दिनुपर्नेछ ।

३. सानीभेरी गाउँपालिकाले सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली संशोधन गर्नुपर्नेछ साथै सरकारी जिन्सी मालसामान लिलाम विक्री तथा मिन्हा सम्बन्धी कार्यविधि निर्माण गर्नुपर्नेछ । जसको कारणले गर्दा खर्च भएर नजाने पुराना मालसमानहरुको लिलाम विक्री र प्रयोग गर्न नमिल्ने विग्रेका मालसमानहरुको मिन्हा गर्ने समेतको व्यवस्था भई जिन्सी व्यवस्थापनमा पार्दर्शिता र सजिलो हुनेछ ।

४. सानीभेरी गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई जिम्मेवारी तोकी कामकाजमा खटनपटन गराउनुपर्नेछ ।

५. अनिवार्य रुपमा मासिक कर्मचारी बैठक बस्नुपर्नेछ । सो बैठक बस्दा कार्यालय संचालनका विभिन्न कुराहरुको छलफल र परामर्श हुनेगर्दछ ।

६. विषयगत कार्यालय र वडा कार्यालयहरुले खर्च भएर जाने तथा नजाने मालसमानहरुको लागि छुट्टा-छुट्टै जिन्सी किताब खडा गर्नुपर्नेछ । साथै गाउँ कार्यपालिकाको कार्यालयबाट, विभिन्न संघ संस्थाबाट र आफै खरिद गरेका मालसमानहरु अनिवार्य रुपमा सो खातामा दाखिला गरी सरकारी मालसामानहरु चुस्त दुरुस्त राख्नुपर्नेछ।

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

## स्वास्थ्य तथा सामाजिक विकास शाखा

| प्रमुख समस्या | समाधानको लागि भएको प्रयास | अबको बाटो/योजना | जिम्मेवार निकाय |
|---|---|---|---|
| कोभिड १९ को सुरुमा खोप लगाउन नमानेको र पछिल्लो चरण लक्षित वर्ग भन्दा अरुले खोप माग भएको | संम्झाई वुझाई गरेको | खोप आपूर्ति छिटो गर्ने | संघीय सरकार |
| सुरुको चरणमा स्वास्थ्य सामाग्रीको अभाव | सम्न्वय गरि खरिद गरेको | मैज्दात राख्ने | पालिका |

| क्षेत्र | प्रमुख समस्या | समाधानको लागि भएको प्रयास | अबको योजना / समाधान | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| स्वास्थ्य सेवा प्रवाह | कोभिड १९ ले स्वस्थ्य सेवा प्रवाहमा समस्या | संघीय सरकारको स्वास्थ्य सेवा संचालन कार्यविधी अनुरुप काम गरेको | कार्यविधि अनुरुप काम गर्ने | पालिका स्वास्थ्य शाखा |
| | कर्मचारीहरुमा सेवा भावको अभाव | वेला वेला अनुगमन गर्ने छलफल गर्ने आवश्यकता अनुसार कर्मचारी सरुवा | उत्प्रेरणा दिने कार्यक्रम ल्याउने | गाउँपालिका |
| | अत्यावश्कीय स्वास्थ्य सेवा दिन समस्या | स्थानीय स्रोत साधनको प्रयोग | आवश्यक सामाग्रीको पहिचान गरि व्यवस्था गर्ने | पालिका स्वास्थ्य शाखा |
| | विमा कार्यक्रम संचालन गर्न नसक्नु | गाउँ कार्यपालिकामा विमा कोषको खाता खोल्न प्रस्ताव | खाता संचालन गर्ने | पालिका शाखा |
| स्वास्थ्य पूर्वाधार | अस्पतालमा उपकरणको अभाव | खरिद गर्न वजेट व्यवस्था भएको | शुरुमै वजेट व्यवस्था गरी नियमानुसार खरिद गर्ने | पालिका स्वास्थ्य शाखा |

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य संस्थाहरुको आफ्नो भवन नभएको र मापदण्ड अनुसारका भौतिक पूर्वाधार नभएको | जग्गा व्यवस्था गरीएको | जग्गा भएकाको भवन निर्माण आवश्यक कागजात पेश गरी माग गर्ने | पालिका स्वास्थ्य शाखा |
| | स्वास्थ्यका पूर्वाधारमा लगानीमाम कमी | वजेट वन्दा आवश्यकता अनुरुप माग गरेको | भएको वजेट कार्यन्वयन गर्ने | पालिका स्वास्थ्य शाखा |
| स्वास्थ्य सूचना | राष्ट्रिय कार्यक्रमको रिपोर्टिङ्ग गर्न ईन्टरनेट नहुदा समस्या | प्रादेशिक क्षेत्रिय स्वास्थ्य कार्यालय संग समन्वय र गापा संग | समन्वय गरी टुङ्गयाउने | पालिका स्वास्थ्य शाखा |
| | सौर्य ब्याकप पाउर नहुदा तथ्याङ्क एन्ट्रीमा समस्या | बजेट व्यवस्था गरिएको वैकल्पिक उर्जा अनुदान | खरिद गरि सौर्य ब्याकप पाउर | पालिका स्वास्थ्य शाखा |

सुझावमा केही समस्याहरुः

१. गुणस्तरीय स्वास्थ्य सेवा दिन ।
२. प्रभावकारी विमा कार्यक्रम संचालन ।
३. भएको जनशक्ति परिचालन गर्न ।
४. स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली अनलाइन वाट स्वास्थ्य संस्थावाट संचालन गर्न ।
५. भौतिक पूर्वाधार सम्पन्न स्वास्थ्य संस्थाको निर्माण गर्न ।
६. उपकरण र औषधीको पर्याप्तता उपलब्धता हुन ।

## लघु उद्यम विकास इकाई

१. छनौटमा परेका वडा तथा वस्तीहरु छरीएको हुदा सहभागी छनौट तालिममा सहभागी गराउन गाह्रो भएको ।
२. स्थानीय स्तरमा उपलव्ध श्रोत साधनहरुको अवैज्ञानिक तथा परम्परागत प्रयोगले गर्दा निकट भभिष्यमा लोप हुन सक्ने खतरा रहेको ।
३. सहभागीहरुको अपेक्षा ठुलो र कार्यक्रमको सहयोग सानो भएकोले कार्यक्रम सहभागीहरुलाई वुझाउन कठीन भएको

विर्ख बहादुर विष्ट
अध्यक्ष

४. सम्भाव्य उद्यमीहरुले नयाँ व्यवसायको माग गर्दा उपयुक्त सिप भएको प्रशिक्षकको अभाव
५. उद्यमीहरु कार्यक्रम संचालन अवधिमा सक्रिय जस्तो देखिय पनि व्यवसायको निरन्तरता तथा दिगोपनमा समस्या ।

## उपलब्धिहरु

१. सानीभेरी गाउँपालिका वडा नं ६ मा २० जना सहभागीहरुको लागि अल्लो धागो उत्पादन तालिम सम्पन्न गरीएको ।
२. सानीभेरी गाउँपालिका वडा नं ८ मा ३० जना सहभागीहरुको लागि आधारभूत ब्यबसायीक बाख्रा पालन लालिम सम्पन्न गरीएको ।
३. सानीभेरी गाउँपालिका वडा नं ९ मा ३० जना सहभागीहरुको लागि व्यवसायीक ताजा तथा बेमौसमी तरकारी खेती तालिम सम्पन्न गरीएको ।
४. सानीभेरी गाउँपालिका वडा नं २ मा १२ जना सहभागीहरुको लागि एडभान्स सिलाइ कटाइ तालिम सम्पन्न गरीएको ।
५. सानीभेरी गाउँपालिका वडा नं २ मा ८ जना सहभागीहरुको लागि एडभान्स बाँस मुढा बुनाइ तालिम सम्पन्न गरीएको ।
६. सानीभेरी गाउँपालिका वडा नं १ मा १२ जना सहभागीहरुको लागि एडभान्स सिलइ कटाइ तालिम सपन्न गरीएको ।
७. सानीभेरी गाउँपालिका वडा नं २ मा साझा सुविधा केन्द्र उद्यम घर निर्माण ।

## पशु सेवा शाखाका चुनौती,सम्भावना अपेक्षाहरुः

१. दुध उत्पादन बृद्धि गर्न कृत्रिम गर्भाधान गर्नु पर्ने तर नाइट्रोजन व्यवस्थापन अति खर्चिलो भएकोले कृ ग सन्चालन गर्न नसकेको
२. आधारधुत सामाग्रीको अभावको कारण शाखाबाट आधारभुत प्रयोगशाला सन्चालन गर्न नसकेको।
३. बिद्युत नियमित नहुने हुदा बिभिन्न खोपहरु सन्चय गर्न कठिन भएकोले खोप सुरक्षित गर्न बैकल्पिक उर्जाको व्यवस्थापन गर्नु अति जरुरी छ ।
४. पशु स्वास्थ्य उपचारमा औषधी प्रयाप्त नहुदा प्रभावकारी उपचार हुन नसकेको ।
५. महामारी नियन्त्रण तथा पशुपालन क्षेत्रमा सरोकारवालाको एउटै बुझाइ नहुदा दुध, मासु ,अण्डा उत्पादनमा बृद्धि हुन नसकेको

६. सानीभेरीका कृषकहरुले अत्यधिक मात्रामा बाख्रापालन व्यावसायमा गर्नु
७. प्रशस्त चरण तथा घाँस बिकासको क्षेत्र बढदै गएको
८. मुख्य आय आर्जनको रुपमा बाख्रापालन व्यावसाय रोजाइ कृषकको पहिलो प्राथिमकतामा पर्नु
९. पशुपालन व्यवसाय गर्न जनचेतना बढदै गएको
१०. पशुपालन गर्न कृषक इच्छुक रहेको
११. दुध , मासु र अण्डामा आत्मनिर्भर हुन पशुपालन व्यावसायमा विशेष जोड दिनु पर्ने घाँस खेति गर्न प्रशस्त जमिन भएको

## अपेक्षाहरु

साना कृषकलाइ पनि आर्थिक आयआर्जनमा जोडनुपर्ने

१. व्यावसाय उन्मुख कृषकलाइ पशुपालन व्यावसायको सामाग्रीमा सहायता प्रदान गर्ने
२. पशुपालन व्यावसायमा हुने क्षेति न्यूनिकरण गर्न कृषकलाइ पशु विमामा जोड दिने
३. यस्ता कार्यक्रम गर्न कृषकहरु लालयित भएको
४. यस कार्यक्रमले कृषकलाइ पशुपालन व्यावसायमा ठुलो राहत महशुस गरेको पाइयो
५. सबै वडाहरुमा बाख्रापालन गर्न इच्छुक भएको भए पनि सबै वडालाइ समेटन नसकेको
६. बजेटको सिमितता हुनु

## थप काम र चुनौतीहरु

७. रेविज खोप शिविर कार्यक्रम-१४१ गोटा कुकुर
८. लम्पी स्किन रोगको उपचार तथा रोकथाम
९. तथ्याङक व्यवस्थापन नहुदा बजेट अपुग देखिनु
१०. उत्पादन मा आधारित अनुदानमा कम मापदण्ड हुनाले बजेट भुक्तानीमा दायित्व बढनु

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

## कृषि विकास शाखाको उपलब्धी, चुनौती, सुझाव

१. तरकारी मिनीकिट निःशुल्क वितरण गरि कृषकहरुको करेशावारीमा तरकारी खेती भईरहेको ।

२. कृषि मेला प्रदर्शनी मार्फत कृषकको मनोबल उच्च रहेको ।

३. आकस्मिक वाली संरक्षणबाट रोग किरामा केही हदसम्म व्यवस्थापन ।

४. समुहहरुलाई सामुहिक खेतीमा प्रोत्साहन ।

५. स्थलगत तालिमहरु मार्फत कृषकहरुको तरकारी तथा फलफुल खेतीप्रतिको आकर्षण बढ्दो ।

६. सानीभेरी गाँउपालिका वडा नं. ९ मगरराङ्जालाई पोषण उन्मुख नमुना गाँउ बनाउनका लागी भकारो सुधार कार्यक्रम अन्तरगत २० वटा थलो भकारो निर्माण ।

७. बजारिकरण, कृषि उपज संकलन केन्द्र तथा हाटबजारको कमि ।

८. कृषि क्षेत्रमा बजेटको कमि

९. आकासे पानीमा निर्भर सिचाई ।

१०. सुधारिएको करेशावारी निर्माण नहुनु ।

११. कृषि क्षेत्रमा सबै कार्यक्रमहरु समेट्न नसकिनु ।

१२. व्यवसायमा निरन्तरता नहुनु ।

१३. कृषि उत्पादनको मूल्य, बजारिकरण र जोखिम क्षतिपुर्तिको सुनिश्चितता नहुनु ।

१४. मध्यपहाडी राजमार्गको कारण बजारसँग जोडिन सहज ।

१५. नदि किनार खोंच देखी उच्च पहाडसम्मको भुगोल भएको हुनाले सबै किसिमको खेतीपाती गर्न सकिने ।

१६. उर्वर माटो भएकोले वैमौसमी तरकारी खेती बाट लाभ लिन सकिने ।

१७. मौरीपालन, खाद्यान्न, दलहन, तरकारी, फलफुल र बेसार खेती व्यवसायलाई पकेट क्षेत्रको रुपमा विकास गर्ने ।

१८. खाद्यान्न वालीको वीउ उत्पादन गरि वीउमा आत्मनिर्भर बनाउन सकिने ।

१९. पालिकाका सबै घरधुरीमा जुठेल्नो खाडल सहितको एक घर एक करेशावारी निर्माण गरि पोषण सुधारमा सहयोग पुर्याउदै एक घर एक करेशावारी युक्त पालिका घोषणा गर्ने ।

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

महिला, बालबालिका तथा समाज कल्याण इकाईको:

१. हामी सवै आर्थिक वर्षको अन्त्यमा आएर काम गर्ने परम्परा हुनु ।
२. सामाजिक समस्या प्रति कम सम्वदेनसिल हुनु ।
३. सामाजिक विकास भन्दा भौतिक पुर्वाधार विकासमा सवैको जोड रहनु ।
४. हिंसा पिडित महिलालाई व्यववस्थापनमा समस्या ।
५. महिलाको कार्यक्रम भनेपछि वडा एवं पालिकामा पुरुषको सहभागिता नहुनु ।
६. अपांग परिचय पत्र वितरण समन्वय समितिका पदाधिकारीहरुको बैठकमा सवै सहभागि नहुनु र परिचय पत्र लिनेहरुले सवैले क र ख वर्गको मात्रै लिने इच्छा राख्नु । आदी

सुझावहरु:

१. मातहातका निकायहरुलाई लक्षित वर्गप्रति संवेदनसिल भएर काम गर्ने बातावरण तय गर्नुपर्ने।
२. कर्मचारीलाई आफ्नो कार्य प्रति जिम्मेवारी एवं जवाफदेहीता हुने गरी जोड गर्ने ।
३. बजेट कार्यान्यिन असारमा केन्द्रित नभई चौमासिक रुपमा खर्च गर्ने वातावरण गर्नुपर्ने ।
४. सामाजिक विकासमा अझ जोड गर्नुपर्ने ।

## शिक्षा, युवा तथा खेलकुद शाखा

### आगामी कार्ययोजना तथा सुझावहरु:

१. आधारभूत तह कक्षा ६-८ को स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने ।
२. विद्यालय अनुगमण लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
३. विद्यालय स्तरमा संचालन हुने शैक्षिक कार्क्रमहरुमा सम्वन्धित सरोकारवालाई सु-सुचित गर्ने।
४. शिक्षक अभिभावक र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्नुपर्ने ।
५. प्र.अ लाई नेतृत्व विकास शिक्षकलाई विषयगत र वालविकास शिक्षक लाई मन्टेश्वरी तालिमको व्यवस्था गर्नुपर्ने ।
६. सिकाई सुदि्ढकरण गर्नको लागि विज्ञानप्रयोग शाला पुस्तकालय र आइसिटि जस्ता कार्यक्रमहरु १३ वटै माध्यमिक विद्यालयमा लागु गर्नुपर्ने ।

७. प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अङ्ग वनाउनुपर्ने ।
८. विद्यालयमा विषयगत शिक्षक दरवन्दीको अभाव ।
९. विद्यालयमा बालमैत्री कक्षाकोठको अभाव
१०. शिक्षकको विषयगत तालिमको अभाव
११. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको कमी ।
१२. प्र.अ. लाई नेतृत्व विकासका लागि तालिम आवश्यक ।

## रोजगार सेवा केन्द्रले पुश गरेका सुझावः

| समस्याहरु | सुझावहरु |
|---|---|
| १. जोखिमयूक्त वर्गको पंहुच नहुनु ।<br>२. समग्रमा लक्ष्य अनुरुप हुन नसकेको ।<br>३. मेशिनको प्रयोगबाट मात्र विकाश सम्भव छ भन्ने मानसिक्ता रहनु।<br>४. बजेट र बेरोजगार अनुपातमा खाडल ।<br>५. रोजगारी नारामा सिमित स्थानिय तह अन्तर्गतका योजनामा मानविय श्रमको न्युन प्रयोग ।<br>६. पारिश्रमिकमा आधारित सामुदायिक योजनामा श्रममुलक आयोजनाको कमि ।<br>७. बजेट साझेदारी नहुनु ।<br>८. उपभोक्ता समिती मै समस्या । | १. वडाले आवेदन संकलन गर्दा नै जोखिम युक्तलाई र सहि सुचना संकलन गरि समितीले निर्णय गरि सुचि पठाउने।<br>२. स्थानिय बजेटमा पनि रोजगारीको क्षेत्रलाई व्यवस्थित तरिकाले समावेश गर्ने।<br>३. विकाश योजनामा मानविय श्रमलाई प्राथमिकता दिनु पर्ने ।<br>४. पारिश्रमिकमा आधारित आयोजना छनौट गर्दा श्रममुलक वा सहकार्य मुलक योजना प्रस्ताव ।<br>५. सामुदायिक योजना संचालनमा स्थानिय तहको आर्थिक सहकार्य आवश्यक ।<br>६. संस्गत प्रणालीको विकासमा जोड दिनुपर्ने। |

## ९ नं.वडा कार्यालय

समस्या तथा अपेक्षा

१. योजना अनुगमनको पाटोमा वडा सचिवलाई पनि जानकारीका साथै अनुगमनमा लिनुपर्ने ।

## ५ नं. वडा कार्यालय

१. बालविवाह न्यूनिकरण गर्नुपर्ने ।
२. मध्यपान तथा लागु औषध सेवन तथा कारोवार नियन्त्रण गर्न ।
३. घटना दर्ता समयमा नहुँदा वा गलत सूचना दिएर घटना दर्ता गर्नु ।
४. योजना तथा कार्य सम्झौता समयमा नहुनु ।
**५.** उपभोक्ता समिति, सहकारी लगायतका सरकारको काम प्रति नकारात्मक तथा असन्तुष्ट हुनु ।

## ११ नं. वडा कार्यालय

१. असारे विकासे बजेट हुनुहुदैना ।
२. बालविवाह न्युनिकरणको लागि सचेतना कार्यक्रम सञ्चालन आवश्यकता ।
३. सडकमा ढल निकासा हुनुपर्ने ।
४. सम्पन्न भएका योजनाहरुको प्रभावकारी अनुगमन गर्नुपर्ने ।

## ६ नं. वडा कार्यालय

१. प्राविधिक व्यक्तिलाई प्रशासनिक काम गर्न कठिनाई ।
२. क्षमता वृद्धि तालिम सञ्चालान गर्नु पर्ने ।
३. कार्यालय सहयोगीलाई कार्यालयको सहायकको सेवा सुविधा दिनु पर्ने ।
४. ईन्टरनेट र सोलार को व्यवस्थापन गर्ने ।

## ३ नं. वडा कार्यालय

१. भरपर्दो ईन्टरनेटको व्यवस्थापनहुनु पर्ने ।
२. बजेट को कमिले समस्या

निर्ख बहादुर विष्ट
अध्यक्ष

## १ नं वडा कार्यालय

३. बजेटको स्रोत व्यवस्थापन गर्नु ।

४. उपलब्ध स्रोत, कार्यक्रम र खर्च गर्ने क्षमतामा समन्वय ल्याउनु ।

५. असीमीत आवश्यक्ता र सीमित स्रोतबिच तालमेल मिलाउनु ।

## १० नं वडा कार्यालय

१. उपभोक्ता समिति गठन गर्दा हिसाबकिताब तथा माइनेट लेख्न नसक्ने समिति गठन भई माईनेट तथा कागजात वडा सचिबले मिलाईनु पर्ने ।

२. प्राबिधिक ईसटमेट नबुझेर समितिलाई काम गर्न गाह्रो हुनु ।

३. उपभोक्ता समितिलाई काम गर्न वडा सरकारले खोज्नुपर्ने समितिले चासो नभई काम गर्न गाहो ।

४. बजेट बिनियोजित गर्दा सकेसम्म कम्तीमा पनि ५००००० भन्दा कम रकमका योजनाहरु छनौट नगर्ने ।

५. उपभोक्ता समिति गठन गर्न माफदण्ड तयार गर्नुपर्ने ।

६. बजे६ बिनियोजित गर्दा हाम्रो नभई बास्तबिक आवश्यकता अनुसार मात्र बितरण गर्ने ।

७. समिक्षा कम्तीमा पनि अर्धबार्षिक र बार्षिक गरि बर्षमा २ पटक गर्दा राम्रो ।

## ४नं वडा कार्यालयः

८. तोकिएको मापदण्डमा आधारित रहि न्युतम स्रोत साधनको उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्ने तथा सरकारको बास्तविक उपस्थिति जनतासामु पुर्याउने उदेश्यकासाथ राज्यले बजेट तथा योजनाहरु तर्जुमा गरी आवश्यक बजेट विनियोजन गरेको हुन्छ। नेपालको वर्तमान संविधानले संघियता अबलम्बन गरेसंगै आर्थिक अधिकार समेत स्थानिय तहमा प्रत्यायोजन गरेको छ। सोही अनुरुप सानिभेरी गाउँपालिकाबाट आ.ब. २०७९/०८० मा विनियोजित भएको बजेटलाई कार्यान्वयन गर्दा देहायबमोजिमका समस्याहरु देखा परेका थिए ।

१. कमजोर भु-धरातलिय स्वरुप

२. यहाँको वास्तविक आवश्यकतालाई पहिचान गरी प्रयाप्त बजेटको विनियोजन नभएको

३. बजेट विनियोजन गर्दा पुर्वाधार विकास निर्माणका पक्षलाई मात्र विषेश ग्राह्यता दिएको शिक्षा, स्वास्थ्य, कृषि, पशु, रोजगारी लगायताका क्षेत्रलाई छुन नसकेको

४. वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई बजेटले सम्बोधन गर्न नसकेको
५. बजेटलाई कनिका छरेझै छरिंदा दिगो विकास हुन नसकेको
६. अव्यवस्थित सडक निर्माणले बाढी पहिरो लगायत प्राकृतिक प्रकोपले समस्या पारेको
७. बजेट विनियोजन तथा खर्चमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा राजनीतिक प्रभाव रहेको
८. स्तरिय सडक संजाल जोडिन नसक्दा विकास निर्माणका कार्यहरु गर्न कठिनाई,
९. वडा कार्यालयबाट सेवा प्रवाह गर्दा केही सामाग्री को अभावले जनताले सास्ति भोग्नुपरेको आदी।
१०. आवश्यकता अनुसार बजेट विनियोजन गर्नु
११. वास्तविक आवश्यकताको पहिचान गरि बजेट खर्च गर्नु
१२. अव्यवस्थित सडक संजाललाई व्यवस्थित र गुणस्तरिय गराउनु
१३. नगदेबालिमा आधारित कृषि लाई प्रोत्साहन दिई कृषकलाई यस तर्फ आकर्षित गर्नु
१४. कृषकलाई सहज बजारको पहुँच पुर्याउनु, आदी।
१५. संघियता र सरकारको वास्तविक उपस्थिति जनतासामु पुऱ्यायको अनुभुति गर्नु
१६. यहाँको आवश्यकतालाई पहिचान गर्दै जनतालाई विकास निर्माणका काममा सहभागि गराउन पाउनु ।

## न्यायिक समिति उपलब्धी ,समस्या चुनौती र समाधानः

१. छिटोछरितो न्याय दिन सक्षम भएका छौ ।
२. घरेलु हिंसामा नियन्त्रण
३. जेष्ठनागरिक, एकल महिला, महिला, अपांगहरुलाई पहिलो प्राथमिकतामा राखि न्याय दिईएको छ ।
४. जनताहरुलाई जिल्ला जान नपर्दा समय, आर्थिक बचत भएको छ ।
५. न्याय सम्बन्धि परामर्श दिईएको छ ।
६. प्रशासनिक अभिलेखिकरण तथा अन्य कार्यमा सुधार आएको छ ।
७. राजश्व संकलनमा वृदि भएको छ ।
८. मेलमिलापकेन्द्र र न्यायिक समिति बिच समन्वयात्मक ढंगबाट न्याय सम्पादन भएको छ ।

९. बाहिरी जिल्ला र स्थानिय सरकारका जनतालाई पनि न्यायको पहुँच बढेको छ ।

१०. बजेटको अभाव

११. तामेलदारको समस्या

१२. प्रतिउत्तर लाउन नआउने समस्या

१३. प्रतिवादी ल्याउने समस्या

१४. सुचनापार्टीको आवश्यकता

१५. प्रतिवादी फरार सम्पर्कविहिन हुँदा वादी पक्ष तनाव दिने अवस्था सिर्जना।

१६. ईजलास कक्षमा फर्निचरको आवश्यकता

१७. न्यायिक समितिका पदाधिकारीहरुलाई सेवासुविधा विहिन काम गरेको अवस्था

१८. न्यायिक समितिको सम्पर्क गर्ने टेलिफोनको आवश्यकता

१९. क्षेत्राधिकार भित्र भन्दा बाहिरका मुद्दा बढि आउने

२०. काम गर्ने कर्मचारीको अभाव

२१. मेलमिलापकेन्द्रको व्यवस्थापन नभएको

२२. मेलमिलापकेन्द्रमा मसलन्दको समस्या

२३. मेलमिलापकर्ताहरुलाई सेवासुविधा विहिन काम गरेको अवस्था

२४. मेलमिलापकर्ताहरुलाई वडा तथा गाँउपालिकाबाट बजेट विनियोजन नभएको

२५. मेलमिलापकर्ताहरुले मिलाउने मुद्दाहरुलाई वडाअध्यक्ष आफैले विवादहरु मिलाउन खोजेको

२६. कुनै कुनै वडामा मेलमिलापकर्ताहरु निश्क्रिय रहेको र सम्पर्कमा नरहेको

## पूर्वाधार शाखा

१. भौगलिक विकटताले गर्दा योजना सञ्चालन गर्न समस्या ।

२. यातायातको असुविधा हुदा मानिस बाट निर्माण सामाग्री ढुवानी गर्न बाध्यता।

३. निर्माण सामाग्रीमा गाउँपालिकाको दर रेट र बजारको दर रेट मा फरक हुदा काम गर्न अफ्ठेरो भएको ।

४. भौगलिक विकटता आधारमा निर्माण सामाग्रीमा ढुवानी नहुदा मापदण्ड अनुसारको काममा गुणस्तर ल्याउन गाह्रो भएको।

बिर्ख बहादुर बिष्ट
अध्यक्ष

५. उपभोक्ता समितिले प्राविधिक सँग समन्वय नगरि आफुखुसि कामगर्दा इष्टिमेट अनुसार काम नहुनु

६. सम्झौता समयमा नहुदा असारे विकाशको हावी हुनु ।

७. निर्माण व्यबसायी सँग प्राबिधिक नहुनु

८. शिक्षामा भौतिक पुर्वाधार सुधार ।

९. सिचाई आयोजनको निर्माणले कृषी उत्तपादन मा बृद्धि ।

१०. सडक निर्माण तथा सरसफाई बाट जनताले सजिलै यातायात सेवा सुविधा पाएको अनुभुति गर्नुको साथै आर्थीक गतिबिधि बढनु।

११. खानेपानी आयोजना निर्माण हुदा स्वच्छ तथा गुनस्थर पानीको उपलब्ध हुनुको साथै समयको बचत ।

१२. आफ्नै वडाकार्यालयको भवन निर्माण हुदा आर्थिक भार कम हुनुको साथै सेवाग्राहीलाइ सहजरुपमा सेवा प्रदान गरिएको छ ।

**निष्कर्षः** समग्रमा समिक्षा कार्यक्रममा आर्थिक वर्ष २०७९/८० को समग्र पक्षको बारेमा विभिन्न शाखा, फाँट तथा इकाईबाट प्रगति प्रतिवेदन, काम गर्दा आएका समस्या तथा चुनौति र आगामी दिनमा गर्नुपर्ने कार्यहरुका बारेमा संक्षिप्तमा सुझाव प्रस्तुतिकरण भयो। त्यसैगरी गाउँपालिकाले आफ्नो लक्ष्य हाँसिल गर्नका लागि जनप्रतिनिधि, कर्मचारी लगायत समग्र रुपमा गाउँपालिकाको टिम अग्रसर भएर लाग्नुपर्ने कुरामा समेत समझदारी र छलफल भयो। गाउँ कार्यपालिका र गाउँ सभाबाट भएका नीति, कार्यक्रम र योजनाहरुलाई सम्बन्धित सबै सरोकारवालाहरुको सहभागितामा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएको खण्डमा **समृद्ध गाउँपालिका, सुखी गाउँवासी**को नारालाई साकार पार्न सकिन्छ। अन्त्यमा यस्तो प्रकृतिको कार्यक्रमलाई बिगतमा गरिएको आगामी दिनमा पनि नियमित रुपमा अझ बढी प्रभावकारी बनाएर सञ्चालन गर्न आवश्यक देखिन्छ । धन्यवाद छ ।

*कार्यक्रमका केही झलकहरुः*

बिर्ख बहादुर बिष्ट
अध्यक्ष






बिर्ख बहादुर बिष्ट
अध्यक्ष







बिर्ख बहादुर बिष्ट
अध्यक्ष



बिर्ख बहादुर बिष्ट
अध्यक्ष